


वि.सं. २०७४ पौष/January 2018 वर्ष २१ अंक २

## महानिर्देशकको पदस्थापना/सरूवा

नेपाल सरकार (मा. मन्त्री स्तरको) मिति २०७४/८/१३ को निर्णय अनुसार श्री सन्जीव कुमार राई वनस्पति विभागको महानिर्देशक पदमा पदस्थापना हुनुभएको छ। उहाँ २०६१/६/२८ गतेबाट सहायक वैज्ञानिक अधिकृत (रा.प.तृ.) बाट निजामती सेवामा प्रवेश



गर्नुभएको हो । जिल्ला वनस्पति कार्यालय, जुम्लामा प्रमुखको रुपमा कार्यारम्भ गर्नुभएको राईले सेवा अवधिमा वनस्पति विभाग, केन्द्रिय उद्यान सेवा शाखा सिंहदरबार, जिल्ला वनस्पति कार्यालय, कैलाली र राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशाला गोदावरीमा विभिन्न समयमा सेवा गरिसक्नुभएको छ। उहाँले मिति २०७१/१२/०४ गतेबाट वनस्पति विभागको उपमहानिर्देशकको रुपमा कार्यभार सम्हाल्नु भएको थियो । नेपालमा पाइने जडीबुटीहरूको खेती प्रविधि विकास र विस्तार, शोभनीय फूल बिरुवाहरूको प्रसारण र सजावटमा पनि वहाँको विशेष दखल छ। यस बीचमा "नेपालका लागि प्राथमिकता प्राप्त ३० जडीबुटीहरूको पहिचान पुस्तिका"को लेखन, "Basics of Gardening" र "Catalogue of Nepalese Flowering Plant Supplement 1" नामक पुस्तकहरूको सहलेखन गरी तीनवटा पुस्तकहरू प्रकाशित भएका छन् ।

महानिर्देशक सन्जीव कुमार राईका विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय जर्नलहरूमा वानस्पातिक र प्राणीको जैविक विविधता, जडीबुटीको सम्भाव्यता आदि सम्बन्धी १२ भन्दा बढी अनुसन्धानमुलक कृतिहरू प्रकाशित भएका छन् । उहाँ वनस्पति शास्त्र केन्द्रिय शिक्षण विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर (CDB, TU) तथा Federal Institute of Snow Forest and Landscape Research, WSL, Switzerland को सहकार्यमा Ecological Modeling विषयमा विद्यावारिधी (Ph.D.) अध्ययनरत हुनुहुन्छ। उहाँले नेपाली हिमालका मनास्लु संरक्षण क्षेत्र, सगरमाथा राष्ट्रिय निकुञ्ज र कञ्चनजंगा संरक्षण क्षेत्रको वनस्पति, चराचुरुङ्गी र पुतलीहरूको Biodiversity Modeling गर्दै हुनुहुन्छ ।

विभागमा आयोजित महानिर्देशकज्यूको स्वागत कार्यक्रममा उहाँले "Nepal flora" project लाई सफल बनाउन सबै मिलेर अगाडी बढ्नु पर्ने आवश्यकता औंल्याउनुभएको थियो। उहाँले chiraito variety development programme लाई dream project को रुपमा प्रस्तुत गर्दै एक दशकपछि नेपाली जनतालाई प्रदान गर्न सकिने राम्रो वस्तु हुनसक्ने विश्वास व्यक्त गर्नुभएको थियो । यो project सफल भए पश्चात् अरु महत्वपूर्ण जडीबुटी प्रजातिमा पनि लागु गर्न सकिने बताउनु भएको थियो । वनस्पति विभाग परिवार उहाँलाई हार्दिक बधाई गर्नुका साथै उत्तरोत्तर प्रगति र सफल कार्यकालको शुभकामना व्यक्त गर्दछ ।

नेपाल सरकार (मा. मन्त्री स्तरको) मिति २०७४/८/१२ को निर्णय अनुसार श्री अखिलेश्वर लाल कर्ण भू तथा जलाधार संरक्षण विभागमा सरुवा हुनुभएको छ । मिति २०७३/११/२२ देखि २०७४/८/१८ सम्म वनस्पति विभागको महानिर्देशक पदमा कार्यरत डा. कर्णले प्रयोगशालाको Surveillance audit सफलतापूर्वक सम्पन्न गर्नुका साथै हरेक हप्ता Talk Programme को शुरुवात गर्नुभएको थियो । उहाँको कार्यकालमा विभाग परिसरमा अत्याधुनिक ग्रीनहाउस निर्माण भएको छ । उहाँका अग्रसरतामा ६ वटा महत्वपूर्ण पुस्तकहरू प्रकाशन भएका छन् ।


वन तथा भू-संरक्षण मन्त्रालय
**वनस्पति विभाग**
थापाथली, काठमाडौं, नेपाल, पो.ब.नं. २२७०
टेलिफोन: ४-२५११३९, ४-२५११६०, ४-२५११५९, ४-२५११७१, फ्याक्स: ९७७-१-४२५११४१
E-mail: info@dpr.gov.np, Website: www.dpr.gov.np

## सम्पादकीय...

बदलिंदो परिवेशमा वनस्पति क्षेत्रको विकासको लागि हाम्रा सोचहरू पनि परिवर्तन हुनु जरुरी छ। मुलुक संघीय संरचनामा प्रवेश गरिसकेको अवस्थामा वनस्पति स्रोतको अन्वेषण, अध्ययन, अनुसन्धान, अभिलेखिकरण तथा विकासबाट प्राप्त हुने उपलब्धीहरूलाई राष्ट्रिय विकासमा लगाउनको लागि सबैको भूमिका आवश्यक छ। वानस्पतिक सम्पदाको दीगो सदुपयोग तथा मूल्य अभिवृद्धिमा उचित ध्यान दिनुपर्दछ। उपलब्ध वनस्पतिहरूको आर्थिक, सामाजिक तथा पर्यावरणीय महत्वको आधारमा प्राथमिकीकरण गरेर दीगो व्यवस्थापनको माध्यमबाट मुलुकको समग्र विकासमा टेवा दिन सकिन्छ। नेपालको भूगोलअनुसार तराई, पहाड र हिमालसम्म नै विभिन्न खाले जडीबुटीहरूको व्यवसायीकरण गर्ने अधिक सम्भावना छ। यार्सागुम्बा जस्तो बहुमूल्य वनस्पतिको उच्च बजार मूल्य र तीव्र मागलाई उदाहरणको रुपमा लिन सकिन्छ। भौगोलिक तवरले पछाडि परेको भनिएका कर्णाली लगायतका क्षेत्रहरू यार्सागुम्बा लगायतका जडीबुटीहरूको भण्डारको रुपमा रहेका छन्। व्यवस्थापन मूख्य मुद्दा हो। नेपालका २ हजारभन्दा बढी वनस्पतिहरूबाट विभिन्न तवरले फाइदा लिने तथ्यांकहरू प्रकाशित भएका छन्। वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने, वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने, वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दीगो उपयोग गर्ने, वातावरणीय सन्तुलनका लागि आवश्यक भू-भागमा वन क्षेत्र कायम राख्ने जस्ता संवैधानिक प्रावधानहरू रहेका छन्। वनस्पति क्षेत्रमा वैज्ञानिक अध्ययन अनुसन्धान तथा प्रविधि विकासमा यथोचित लगानी गर्दै वानस्पतिक सम्पदाको संरक्षण तथा प्रवर्द्धनमा ठोस योगदान दिने खालका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुनु जरुरी छ। स्वस्थ वातावरण सिर्जना गर्नको लागि वनस्पतिको बढोत्तरी हुनु आवश्यक छ। कार्वन सञ्चिती गरेर कार्वन उत्सर्जनमा कमी ल्याउन सघाउने हुनाले वनस्पतिको महत्व थप उजागर भएको छ। शोभनीय, आयुर्वेदिक, औषधीय एवं पर्यावरणीय महत्व बोकेका वनस्पतिहरूको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनमा हुनुपर्ने जति लगानी हुन सकिरहेको छैन। दुर्लभ तथा लोपोन्मुख वनस्पतिहरूको स्वस्थानीय तथा परस्थानीय संरक्षणसम्बन्धी कार्यक्रमहरूको उचित छनौट भइ प्रभावकारी कार्यान्वयन गरिनुपर्दछ। नेपालका सम्पूर्ण वनस्पति स्रोतको अध्ययन, अभिलेखिकरण गरी यी वनस्पतिहरूको उपयोगबाट राष्ट्रको आर्थिक विकासमा योगदान पुऱ्याउन सक्ने खालका नविन कार्यक्रमहरूको तर्जुमा गरी प्रभावकारी कार्यान्वयनमा जुट्नु अत्यन्त आवश्यक छ।

## प्रथम चौमासिक प्रगति समीक्षा गोष्ठी सम्पन्न

आ.व. २०७४/०७५ मा वनस्पति विभागद्वारा संचालित कार्यक्रमहरूको प्रथम चौमासिक प्रगति समीक्षा गोष्ठी मिति २०७४ पौष ०२ गते विभागको सुनाखरी सभाकक्षमा सम्पन्न भएको थियो। विभागका महानिर्देशक श्री सन्जीव कुमार राईज्यूको सभापतित्वमा सम्पन्न उक्त गोष्ठीमा विभाग र अन्तर्गत रहेका केन्द्रीय कार्यालय प्रमुख, जिल्ला वनस्पति कार्यालयका प्रमुख र शाखा प्रमुखहरू



लगायत अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो। सो अवसरमा अनुगमन तथा मूल्याङ्कन अधिकृत श्री राकेश कुमार त्रिपाठीले उपस्थित सबै कर्मचारीहरूलाई स्वागत गर्नुभएको थियो।

उक्त कार्यक्रममा असिष्टेन्ट बोटानिष्ट हरेश रायले विभाग अन्तर्गतका शाखा र जिल्ला कार्यालयहरूद्वारा आ.व. २०७४/७५ को प्रथम चौमासिक अवधिमा संचालित कार्यक्रमबाट प्राप्त उपलब्धीहरूबारे एकमुष्ट रुपमा प्रस्तुति गर्नुभएको थियो। त्यसैगरी केन्द्रीय कार्यालयहरू प्राकृतिक सम्पदा अनुसन्धानशाला, राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला र राष्ट्रिय वनस्पति उद्यानका प्रमुखले यस अवधिमा तोकिएका लक्ष्य बमोजिम सम्पादन गरिएका कार्यहरूको प्रगति प्रस्तुत गर्नुभएको थियो। सो अवसरमा कार्यक्रमहरूको प्रगति र उपलब्धी सहित कार्यान्वयनका क्रममा आइपरेका समस्याहरूका साथै तिनको समुचित समाधानका उपायहरू लगायत आगामी कार्यदिशाका बारेमा पनि छलफल भएको थियो।

उप-महानिर्देशक श्री ज्योती जोशी भट्टले प्रथम चौमासिक अवधिमा नै विभाग र केही कार्यालयका व्यवस्थापकीय तहका कर्मचारीको सरुवाका बावजुद यस अवधिका भारित र वित्तिय प्रगति संतोषजनक रहेको र दोस्रो चौमासिक अवधिसम्म अझै राम्रो प्रगति हासिल गर्न विभागले कर्मचारीहरूलाई हर किसिमले उत्प्रेरित गर्न सहयोग गर्ने विश्वास दिलाउनु भएको थियो। साथै उहाँले Positive Change लाई सबैले स्वीकार गर्दै राम्रो कामको निरन्तरताको लागि आपसी सहकार्य गरी अगाडि बढ्न सुझाव दिनुभएको थियो।

सोही अवसरमा वन तथा भू-संरक्षण मन्त्रालयबाट अतिथिको रुपमा पाल्नुभएका अनुगमन तथा मूल्याङ्कन महाशाखा प्रमुख श्री गेहेन्द्र केशरी उपाध्यायले मन्तव्य राख्नु हुँदै विभागको बेरुजु फछ्यौंट प्रगति प्रथम चौमासिक अवधिसम्म जम्मा ६% रहेकोमा यस आ.व.को अन्तसम्म लक्ष्य अनुरुप (५०%) पुऱ्याउन आवश्यक कदम चाल्नुपर्ने सुझाव दिनुभएको थियो। साथै विभाग र अन्तर्गतका कार्यालयहरूले पूँजीगत खर्चलाई बढाउन आवश्यक पहल गर्न आग्रह गर्नु हुँदै उहाँले वनस्पति विभागले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सहकार्य गर्दै आएकोमा खुशी व्यक्त गर्नुभएको थियो।

उक्त अवसरमा महानिर्देशक श्री सन्जीव कुमार राईले विभाग अन्तर्गतका कार्यालयमा रहेका मानवीय व्यवस्थापन सम्बन्धी समस्याहरूलाई सम्बन्धित कार्यालय प्रमुखले नै कर्मचारीहरूको Motivation सँग जोडेर समाधान गर्नुपर्ने धारण राख्नु हुँदै मुलुक संघीय संरचनामा प्रवेश गरिसकेकोले विशेष गरी जिल्ला कार्यालयले

स्थानीय स्तरका आवश्यकतालाई समेत ध्यानमा राखी सकेसम्म विवादरहित तवरले कार्यहरू सम्पादन गर्नुपर्ने आवश्यकता औंल्याउनु भएको थियो । उहाँले कार्यरत सबै कर्मचारीहरूलाई “स्वकेन्द्रित भन्दा समाज/देशकेन्द्रित” भई सकारात्मक उर्जाका साथ मिलेर उपयोग गरी विभागका निर्धारित लक्ष्यहरू हासिल गर्न अभिप्रेरित गर्नुका साथै उपस्थितिका लागि सबै कर्मचारीहरूमा धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## बायोडाइभर्सिटी शाखा

वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण कार्यक्रम अन्तर्गत मध्ये Field Status of CITES enlisted plant *Nardostachys grandiflora* DC. मिति २०७४/०७/१५ देखि २०७४/०७/२१ सम्म जुम्ला जिल्लाको तातोपानी गाउँपालिकामा पर्ने भुरिचुला, माईथाप्ला लेकमा फिल्ड सर्भे गर्दा जटामसी (*Nardostachys grandiflora* DC.) को Density २१.७७ individual/m² रहेको पाइएको थियो । जटामसी र जटामसी वरिपरि पाइने वनस्पति गरी जम्मा २३ प्रजातिको हर्बेरियम संकलन गरी पहिचान गरियो । जसमध्ये *Rhododendron lepidotum*, Moss र Poaceae को बाहुल्यता थियो । त्यसैगरी *Quercus semicarpifolia*, *Rhododendron campanulatum* र *Betula utilis* जस्ता रुख प्रजातिका वनस्पतिहरू सँगै जटामसी रहेको पाइयो । जिल्ला वन कार्यालय जुम्लाका अनुसार आ.व. २०७३/०७४ मा ४७,२५८ कि.ग्रा. विभिन्न प्रजातिका जडीबुटीहरूको छुट पुर्जी दिइएको थियो । वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण कार्यक्रम अन्तर्गत “सिमसार फ्लोरा अभिलेखिकरण” कार्यक्रमका लागि मिति २०७४/०६/२२ देखि २०७४/०६/२८ सम्म रुपन्देही जिल्लाको गैडहवा, नन्द भाउजु र गजेडी दानापुर तालहरूको भ्रमण गरी ६४ प्रजातिका हर्बेरियम नमूना संकलन गरिएको थियो ।

Global Taxonomic Initiative Program for Supporting the Universities अन्तर्गत स्नातकोत्तर तहमा Plant Taxonomy, M.Sc Thesis Grant on Research of Swertia अन्तर्गत स्नातकोत्तर तहमा Botany र M.Sc. Thesis Grant for DNA bar coding अन्तर्गत स्नातकोत्तर तहमा Plant biotechnology को क्षेत्रमा शोधकार्य गर्ने विद्यार्थीहरूका लागि अनुसन्धान अनुदान सहयोग उपलब्ध गराउन प्रस्ताव आह्वान भएको छ ।

## अध्ययन अनुसन्धान अनुमति/सिफारिश पत्र प्रदान (आ.व. २०७४/०७५)

### स्वदेशी अनुसन्धानकर्ता

| क्र.सं. | अनुसन्धानकर्ताको नाम | अनुसन्धान अनुमति प्राप्त भएको मिति | अध्ययन तथा अनुसन्धानका विषयहरू | अनुसन्धानको समयावधी |
|---|---|---|---|---|
| १. | नरेश के.सी. | २०७४।०४।०३ | “Photographic documentation and herbarium collection of flora of upper Humla and upper Dolpa” | सन् २०१७ जुलाईदेखि सन् २०१९ मेसम्म । |
| २ | श्याम शरण श्रेष्ठ | २०७४।०४।२५ | “Phytochemical Analysis and Bioactive Compounds of some selected Medicinal Plants of Nepal”. | वि.सं. २०७४ साउनदेखि वि.सं. २०७७ साउनसम्म । |
| ३ | श्री वनस्पति शास्त्र केन्द्रीय विभाग | २०७४।०५।२६ | “Botanical Excursion for Floristic Studies in Panchase Area, Central Nepal”. | २०७४ भदौ २८ देखि २०७४ असोज ०३ सम्म । |
| ४ | श्री आशिष प्रकृति धिताल | २०७४।०६।२७ | “Documentation of Plant Biodiversity and Related Traditional knowledge System in Gaurishankar Rural Municipality Dolakha District”. | सन् २०१७ अक्टोबरदेखि सन् २०१८ सेप्टेम्बरसम्म । |
| ५ | श्री संग्राम कार्की | २०७४।०६।२७ | “Documentation of Plant Biodiversity and Related Traditional knowledge System in Gaurishankar Rural Municipality Dolakha District”. | सन् २०१७ अक्टोबरदेखि सन् २०१८ सेप्टेम्बरसम्म । |
| ६ | श्री ध्रुव खकुरेल | २०७४।०६।२७ | “Documentation of Plant Biodiversity and related Traditional knowledge in Parche VDC, Madi Rural Municipality of Kaski district, Nepal.” | सन् २०१७ अक्टोवरदेखि सन् २०१८ सेप्टेम्बरसम्म । |
| ७ | श्री विजय खड्का | २०७४।०६।२७ | “Documentation of Plant Biodiversity and related Traditional knowledge in Parche VDC, Madi Rural Municipality of Kaski district, Nepal”. | सन् २०१७ अक्टोवरदेखि सन् २०१८ सेप्टेम्बरसम्म । |

### विदेशी अनुसन्धानकर्ता

| क्र.सं. | अनुसन्धानकर्ताको नाम | अनुसन्धान अनुमति प्राप्त भएको मिति | अध्ययन तथा अनुसन्धानका विषयहरू | अनुसन्धानको समयावधी |
|---|---|---|---|---|
| १. | Dr. Colin Alistair Pendry | २०७४।०४।१५ | “Plant Collecting Expedition to Saipal Himal 2017”. | सन् २०१७ अगस्त ५ देखि सन् २०१७ अगस्त २६ सम्म । |
| २ | Dr. Haining QIN | २०७४।०५।१९ | “2017 Joint Botanical Expedition to Bajhang District, Kailash Sacred Landscape Conservation and Development Initiative (KSLCDI), Nepal”. | सन् २०१७ सेप्टेम्बर र ६ देखि सन् २०१७ सेप्टेम्बर २६ सम्म । |

## प्रयोगशाला प्रमाणिकरण (Laboratory Accreditation)

वनस्पति विभाग र अन्तर्गतका प्रयोगशालाहरू इन्स्ट्रुमेन्ट शाखा र प्राकृतिक सम्पदा अनुसन्धानशालालाई गत आ.व.०७३/७४ मा National Accreditation Board for Testing and Calibration Laboratories (NABL), India बाट विभिन्न ६ वटा प्यारामिटरमा ISO/IEC 17025:2005 बमोजिम Accreditation प्राप्त भएकोमा सो को निरन्तरताका लागि मिति २०७४/०६/२१ र २२ मा Surveillance Audit कार्य सम्पन्न भएको थियो । उक्त Surveillance Audit कार्यको

क्रममा प्रयोगशालाहरूले प्रदान गर्ने सेवाको गुणस्तरीयता र विश्वसनियता बढाउन प्रयोगशालाहरूमा रहेका विभिन्न Document जस्तैः Quality Manual, Quality System Procedures, Forms, Format, Record आदिको विस्तृत निरीक्षण तथा जाँचबुझका साथै प्रयोगशालाहरूको Technical Competency का विषयमा समेत जाँच गरिएको थियो । Surveillance Audit मा raise गरिएका Non Compliances समयमै close गरिसकिएकोले (NABL), India बाट प्रयोगशालाले प्राप्त गरेको Accreditation को मान्यतालाई निरन्तरता दिने पत्र प्राप्त भएको छ ।

## पिपलाको असल खेती तथा संकलन विधि (GACP) तयारीको लागि अध्ययन अवलोकन

व्यवसायिक जडीबुटी पिपलाको असल खेती तथा संकलन विधि प्रकाशन गर्न आवश्यक तथ्याङ्क संकलन गर्न वनस्पति विभागका उप-महानिर्देशक ज्योती जोशी (भट्ट) र वैज्ञानिक अधिकृत सरोजा अधिकारीले मकवानपुर जिल्लाको वृन्दावन वनस्पति उद्यानमा रहेको पिपलाको नमूना अध्ययन प्लटको स्थलगत अध्ययन गर्नुभयो । पिपलाको खेती प्रविधि विकास गर्ने उद्देश्यले मकवानपुर जिल्लाको



वृन्दावन वनस्पति उद्यानमा आ.व. २०७२/७३ देखि अध्ययन शुरु गरिएको छ । यसै अध्ययनलाई निरन्तरता दिन २०७३ सालको असार महिनामा २५ वर्ग मिटरको चार वटा अध्ययन प्लट बनाएर विभिन्न मात्रामा मल हाल्दा उत्पादनमा हुने असरको अध्ययन गरिएको थियो । उक्त अध्ययनबाट मल धेरै हालेको प्लटमा बेर्ना निकै नै सप्रेका र उत्पादन राम्रो भएको देखियो । पिपलाको भाले र पोथी विरुवा अलग अलग हुने र फूल फुलेपछि मात्र भाले र पोथी छुट्टिने हुनाले रोपण गर्दा छुट्याउन समस्या रहेको देखियो । त्यसैले फुल फुलेकै अवस्थामा पोथी माउ विरुवा छनौट गरी कटिङ्ग विधिबाट विरुवा उत्पादन गर्दा बाली उत्पादन बढाउन सकिएको देखिन्छ । व्यवसायिक खेती गर्नलाई रोपण गरिने विउ विजनको गुणस्तर, माटोको प्रकार सिंचाई आदिले उत्पादनमा असर पार्ने देखिएको छ । त्यसैले खेती गर्ने स्थलको भौगोलिक बनावट, माटो, हावपानी र गुणस्तरीय बीउ बीजन छनौटमा विशेष ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

## प्राकृतिक सम्पदा अनुसन्धानशाला

१) अनुसन्धाशालाले Eucalyptus (मसला), Zanthoxylum (टिमुर) र Wintergreen (धसिङ्गे) बाट निकालिएको Essential oil को Toxicity को अध्ययन गर्ने कार्य सम्पादन गरेको ।





२) सल्यान Persea odoratissima (Kaulo), दोलखा Melia azedarach (Bakkainu), दोलखा Cannabis sativa (Bhaang), चितवन Jesticea adhatoda (Asuro) बाट संकलन गरिएको विरुवाहरूको फर्माग्नोसी, फाइटोकेमेष्ट्री र Pharmacology Test कार्य सम्पादन गरिएको ।

३) अनुसन्धानबाट प्रविधि विकास (Technology Development) कार्यक्रम अन्तर्गत विरुवाहरूमा पाइने Chlorophyll को Isolation तथा Purification को कार्य सम्पादन गरिएको ।

४) आ.व. २०७४/०७५ को कार्तिक, मंसिर, पुष महिनामा Sample को जम्मा संख्या ३८५ को विश्लेषण तथा प्रमाणिकरण सेवा प्रदान गरेको र राजश्व १,०४,६२५।- संकलन गरिएको ।

५) यस अनुसन्धानशालामा कार्यरत रा.प.अनं.द्वितीय श्रेणीका सिनियर मेकानिक्स श्री नन्दलाल महर्जनको मिति २०७४/७/१५ देखि अनिवार्य अवकाश भएको छ । निजले निजामती सेवामा रहि पुऱ्याएको योगदानको उच्च कदर गर्दै अवकाश जीवनमा सुस्वास्थ एवं सक्रिय जीवनको लागि NPRL परिसर हार्दिक शुभकामना व्यक्त गर्दछ ।

६) यस अनुसन्धानशालाबाट ICIMOD द्वारा संचालित कैलाश Project अन्तर्गत रिट्ठामा Physicochemical parameter को विस्तृत अधययन अनुसन्धानको कार्य सम्पादन गरिएको ।

## राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला

### निरीक्षण भ्रमण

वन तथा भू-संरक्षण राज्यमन्त्री माननीय श्रीमती कमला देवी शर्माज्यू तथा मन्त्रालयका सह-सचिवज्यूहरू सम्मिलित टोलीबाट मिति २०७४/७/१५ गते यस कार्यालयको अनुगमन भ्रमण भएको थियो । माननिय मन्त्री शर्माले "हर्वेरियम वनस्पति विधाका कर्मीहरूको पहिलो पाठशाला तथा वनस्पतिजन्य नमूनाहरूको



पहिचान तथा प्रमाणीकरणको आधारशिला समेत भएकोले यो पहिलो न्यायालय" भएको उद्गार व्यक्त गर्नुभयो । साथै राष्ट्रिय हर्वेरियम वनस्पति सम्पदाको सूचीकृत गर्ने, अध्ययनको खाका तयार गर्ने तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतका वैज्ञानिकहरू बीचको समन्वयकारी निकाय समेत भएकोले यसको जगेर्ना अपरिहार्य भएको बताउनु भएको थियो । कार्यालय प्रमुख श्री विनोद कुमार बस्नेतले भूकम्पले जीर्ण भएको भवनको यथाशिघ्र पुनः निर्माण तथा प्रयोगशालाको सुदृढीकरण आवश्यक भएको अनुरोध गर्नुभएको थियो ।

1 Dec 2017 गते Forest Research Institute, देहरादुन भारतका डा. सभिताले यस कार्यालयको गतिविधि तथा प्रयोगशालाहरूको अवलोकन गर्नुभएको थियो र भविष्यमा Xylarium को सुधार तथा जनशक्ति विकासमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

यसैगरी Chengdu Institute of Botany, Chinese Academy of Science का Prof. Gao ले यस कार्यालयको अवलोकन गरी भविष्यमा दुई Institute बीच MoU गरी कार्य गर्नको लागि निवेदन प्रस्तुत गर्नुभएको छ ।

## कार्यालय परिसरको सरसफाई

हरेक शुक्रबार कार्यालय परिसरको सरसफाईमा हामी आफै जुटौं भन्ने अभियानको थालनी गरिएको छ । माघ १६ गते राष्ट्रसेवक प्रहरी जवान समेतको सहयोगमा Guest House जाने बाटोको खाल्डाखुल्डी पुरी बाटो मर्मत गरिएको थियो । उक्त अवसरमा Guest house अगाडीको भाग सफा गरिनुको साथै *Berberis napaulensis* को ८ वटा बिरुवा रोपण गरिएको थियो । आगामी दिनमा पाखनभेद (*Bergenia* spp.) को बिरुवा तथा अन्य फूलको रोपण गरी Indigenous flower को प्रदर्शनी स्थलको रुपमा विकास गरिने सोच राखिएको छ ।

## New to KATH

स्वीकृत वार्षिक कार्यक्रम तनहुँ, कास्की, म्याग्दीका विभिन्न स्थानहरूबाट २ वटा रैथाने वनस्पति (Endemic flowering plants) क्रमशः *Gomphogyne nepalensis* र *Panisea panchanensis* को हर्वेरियम नमूनाहरू पहिलो पटक संकलन गरिएका छन् । यसैगरी

## सरुवा/बढुवा नियुक्ति

| क्र.सं. | कर्मचारीको नाम, थर | पद/श्रेणी | सेवा/समूह | निर्णय मिति | साविकको कार्यालय | सरुवा/पदस्थापना भएको कार्यालय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | श्री सन्जीव कुमार राई | महानिर्देशक, रा.प.प्रथम | वन, वोटानी | २०७४/८/१३ | वनस्पति विभाग | वनस्पति विभाग | महानिर्देशक पदमा पद बहाली |
| २. | डा. अखिलेश्वर लाल कर्ण | महानिर्देशक, रा.प.प्रथम | वन, ज.फ. | २०७४/८/१३ | वनस्पति विभाग | भू तथा जलाधार विभाग | सरुवा |
| ३. | श्री रोज श्रेष्ठ | उप-महानिर्देशक | वन, वोटानी | २०७४/८/१३ | वन तथा भू-संरक्षण मन्त्रालय | वनस्पति विभाग | सरुवा |
| ४. | श्री सुशिला लोहनी शर्मा | खरिदार, रा.प.अनं.द्वि. | प्रशासन, सा.प्र, | २०७४/५/२९ | वनस्पति विभाग | नागार्जुन नगरपालिकाको कार्यालय | काज सरुवा |
| ५. | श्री चन्द्रमोहन गुर्मछान | स.वै.अ., रा.प.तृतीय | वन, वोटानी | २०७४/९/१९ | वनस्पति विभाग | | नियुक्ति |
| ६. | श्री धर्मराज कोइराला | स.वै.अ., रा.प.तृतीय | वन, वोटानी | २०७४/९/१९ | वनस्पति विभाग | | नियुक्ति |
| ७. | श्री प्रतिक्षा श्रेष्ठ | स.वै.अ., रा.प.तृतीय | वन, वोटानी | २०७४/९/१९ | वनस्पति विभाग | | नियुक्ति |
| ८. | श्री सजिता ढकाल | स.वै.अ., रा.प.तृतीय | वन, वोटानी | २०७४/९/१९ | वनस्पति विभाग | | नियुक्ति |

## सेवाकालिन तालिम

| क्र.सं. | कर्मचारीको नाम, थर | पद/श्रेणी | तालिमको विषय | तालिम सञ्चालन भएको मिति | अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | श्री जीवन पाण्डे | स.वै.अ., रा.प.तृतीय | विकास संरक्षणका लागि व्यवस्थापन | २०७४/७/१२ | ३० कार्य दिने | |
| २. | श्री चेतना खनाल | स.वै.अ., रा.प.तृतीय | विकास संरक्षणका लागि व्यवस्थापन | २०७४/७/१२ | ३० कार्य दिने | |
| ३. | श्री चन्द्रकला ठाकुर | स.वै.अ., रा.प.तृतीय | विकास संरक्षणका लागि व्यवस्थापन | २०७४/७/१२ | ३० कार्य दिने | |
| ४. | श्री मोनिका दाहाल | स.वै.अ., रा.प.तृतीय | विकास संरक्षणका लागि व्यवस्थापन | २०७४/८/२७ | ३० कार्य दिने | |
| ५. | श्री शान्ति शर्मा भुषाल | स.वै.अ., रा.प.तृतीय | विकास संरक्षणका लागि व्यवस्थापन | २०७४/८/२७ | ३० कार्य दिने | |
| ६. | श्री रविन्द्र अर्याल | लेखा अधिकृत | सार्वजनिक वित्त व्यवस्थापन | २०७४/८/२५ | ३० कार्य दिने | |
| ७. | श्री चन्द्रमोहन गुर्मछान | स.वै.अ., रा.प.तृतीय | सेवा प्रवेश तालिम | २०७४/१०/२ | ७ कार्य दिने | |
| ८. | श्री धर्मराज कोइराला | स.वै.अ., रा.प.तृतीय | सेवा प्रवेश तालिम | २०७४/१०/२ | ७ कार्य दिने | |
| ९. | श्री प्रतिक्षा श्रेष्ठ | स.वै.अ., रा.प.तृतीय | सेवा प्रवेश तालिम | २०७४/१०/२ | ७ कार्य दिने | |
| १०. | श्री सजिता ढकाल | स.वै.अ., रा.प.तृतीय | सेवा प्रवेश तालिम | २०७४/१०/२ | ७ कार्य दिने | |
| ११. | श्री मोहन प्रसाद भण्डारी | खरिदार | सचिवालय सीप | २०७४/८/२४ | ३० कार्य दिने | |

## अवकाश

| क्र.सं. | कर्मचारीको नाम, थर | पद/श्रेणी | सेवा/समूह | अवकाश मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री रोज श्रेष्ठ | उप-महानिर्देशक, रा.प.प्रथम | वन, वोटानी | २०७४/८/२५ | |
| २. | डा. निर्मला जोशी | वैज्ञानिक अधिकृत, रा.प.द्वि. | वन, वोटानी | २०७४/८/२ | |



उक्त भ्रमणबाट संकलित उन्यूका नमूनाहरूमध्ये *Lindsaea ensifolia* Sw. राष्ट्रिय हर्बेरियमको लागि पहिलो पटक संकलन गरिएको छ ।

### सहभागिता तथा सहकार्य

स्वीडेन स्थित Uppsala University का वनस्पति विज्ञ तथा Flora of Nepal का Contributor Dr. Magnus Liden ले Nov. 13-15, 2017 मा राष्ट्रिय हर्वेरियमको भ्रमण गर्नुभएको थियो । उहाँले राष्ट्रिय हर्वेरियममा रहेका *Silene hideakiohbae* (Caryophyllaceae) र *Dactylicapnos cordata* (Fumariaceae) को हर्वेरियम नमुनालाई IsoType को रुपमा Determine गरिदिनु भएको थियो । यो विशिष्ट कार्य गरेकोमा समस्त हर्वेरियम परिवार उहाँप्रति कृतज्ञ छ । उहाँले आफ्नो अनुभव Talk programme को माध्यमबाट हामीलाई अभिप्ररित गर्नुभएकोमा धन्यवाद दिन चाहन्छौं ।



### तालिम

यस कार्यालयका वरिष्ठ अनुसन्धान अधिकृत श्री विनोद कुमार बस्नेत र सहायक अनुसन्धान अधिकृत श्री हेम राज पौडेलले International Conference on "Wild Harvests, Governance and Livelihoods in Asia को निमन्त्रणामा तालिममा सहभागिता जनाउनु भएको थियो ।

## राष्ट्रिय वनस्पति उद्यान, गोदावरी

### लोपोन्मुख वनस्पति संरक्षण

राष्ट्रिय वनस्पति उद्यानको दुर्लभ तथा लोपोन्मुख वनस्पति संरक्षण क्षेत्रमा खयर (*Acacia catechu* (L.f.) Willd.)- Threatened in IUCN Threatened Category, सतिसाल (*Dalbergia latifolia* Roxb.)-



Vulnerable in IUCN Threatened Category को विरुवाहरू मिति २०७४/७/२८ मा रोपण गरी संरक्षण गरिएको छ ।

### Epiphytic plant सम्बन्धी अध्ययन कार्यक्रम

यस वनस्पति उद्यान क्षेत्रभित्र रहेका विभिन्न ३५ प्रजातिका epiphytic plant हरूको अध्ययन गरी अभिलेख राख्ने कार्य गरिएको छ । Epiphytic plant हरूमा विशेष गरी सुनाखरी र उन्यू प्रजाति रहेका छन् ।

### इथ्नोवोटानिकल म्यूजियम कार्यक्रम

तामाङ्ग समुदायले प्रयोग गर्ने सालको पात र त्यसबाट बनेको टपरी, रिट्ठाको बिउ, बोझोको जरा, लौठसल्लाको पातको नमुना संकलन गरी म्यूजियममा संरक्षण गरिएको छ ।









### अध्ययन भ्रमण

Royal Botanic Garden Edinburgh (RBGE) का Mark Watson र Kate Hughes, रा.ह.व.प्र.का सहायक वैज्ञानिक अधिकृत गंगा दत्त भट्ट र तिर्थराज पाण्डे, NAST का राम चन्द्र पौडेल र उद्यान अधिकृत सिर्जना शाहहरूद्वारा मिति २०७४/८/२५ देखि

२०७४/९/१ गतेसम्म मकवानपुर तथा मनाङ्ग जिल्लाका विभिन्न स्थानको भ्रमण गरी संकलन गर्नुभएको लौठसल्ला (*Taxus mairei* and *Taxus contorta*) को बिउ रोपण तथा कटिङ्ग राख्ने कार्य भएको छ।







## राजश्व संकलन

आ.व. २०७४/७५ को कार्तिकदेखि पौषसम्मको राजश्व संकलन तथा आगन्तुक विवरण

| सि.नं. | विवरण | आगन्तुक संख्या/जना | सम्पादित कार्यबाट भएको मुख्य उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाली १० वर्ष मुनिका | ४२,८१३ | २०७४ कार्तिक देखि पौष सम्मको रु. ३९,५०,८२२।- राजश्व संकलन भएको छ। | |
| २. | नेपाली नागरिक १० वर्ष माथिका | ७६,७६३ | | |
| ३. | सार्क मुलुकका नागरिक | २०७ | | |
| ४. | विदेशी १० वर्ष मुनिका नागरिक | ४३ | | |
| ५. | विदेशी नागरिक १० वर्ष माथिका | ८६५ | | |
| | **जम्मा** | १,२०,६९१ **जना** | | |

२०७४ कार्तिकदेखि पौषसम्मको विद्यालय, कलेज र अन्य संघ संस्थाहरू गरी जम्मा ३७२ समूहलाई सेवा प्रदान गरिएको।

## जिल्ला वनस्पति कार्यालय, धनुषा

मिति २०७४/१०/३ गते वनस्पति विभागका महानिर्देशक श्री सन्जीव कुमार राईज्यूले जिल्ला वनस्पति कार्यालय, धनुषा तथा धनुषाधाम वनस्पति उद्यानको अनुगमन तथा निरीक्षण भ्रमण गर्नुभएको थियो। सो अवसरमा जिल्ला वनस्पति कार्यालय, धनुषाले धनुषाधाम वनस्पति उद्यानमा संचालन गरेका विभिन्न कार्यक्रमहरू जस्तै Floral Clock, मौसमी फूल उद्यान, गुलाब उद्यान, इथ्नोबोटानिकल उद्यान, दुर्लभ वनस्पति कलबल संरक्षण, जडीबुटी नर्सरी क्षेत्र, निर्माणाधिन धनुषा वाटिका, जलीय उद्यान, धार्मिक उद्यान, जडीबुटी उद्यान, Taxonomical Family उद्यान, डोमेष्टिकेशन प्लट आदिको निरीक्षण गर्नुका साथै धार्मिक उद्यानमा बेलको वृक्षारोपण गर्नुभएको थियो। निरीक्षणको क्रममा यस कार्यालयका का.प्र. श्री ताहिर हुसेनले उद्यानमा भइरहेका क्रियाकलाप सम्बन्धी विवरण प्रस्तुत गर्नुभएको थियो। प्रत्येक संरचना निरीक्षण गर्ने क्रममा महानिर्देशकज्यूले अझ राम्रो, वैज्ञानिक र व्यवस्थित बनाउन आफ्नो अमूल्य सल्लाह र सुझाव दिनुभयो। गत आ.व.मा एक नगर एक उद्यान कार्यक्रम अन्तर्गत धनुषाधाम स्थित ऐतिहासिक धनुषा मन्दिर परिसरमा स्थापित उद्यानको पनि अवलोकन गरी त्यहाँको हालको अवस्था सम्बन्धी जानकारी लिनुभएको थियो।

### फिल्ड स्तरीय कोचिङ्ग तथा कृषक समूह गठन तथा परिचालन

जिल्ला वनस्पति कार्यालय, धनुषाको आ.व. २०७४/०७५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार जडीबुटी विकास कार्यक्रम अन्तर्गत जडीबुटी खेती विस्तार तथा व्यवस्थापन सम्बन्धी १ दिने फिल्ड स्तरीय कोचिङ्ग २०७४/९/६ मा भाटीघारी सा.व. पुष्पवलपुरमा सम्पन्न भएको थियो। उक्त क्षेत्र पकेट क्षेत्र अन्तर्गत पर्दछ भने गत आ.व.मा ४ हे. क्षेत्रफलमा कुरिलो रोपण भएको थियो। यहाँ जडीबुटी कृषकहरू कुरिलो खेतीतर्फ अत्यन्तै आकर्षित हुनका साथै वर्षेनी ठूलो परिमाणमा कुरिलोको जरा बिक्री गरी लाभान्वित भइरहेका पनि छन्। अझ बढी क्षेत्रफलमा जडीबुटी खेती विस्तार गर्न कृषकहरूबाट माग भएको हुँदा यस ठाउँमा कोचिङ्ग संचालन



गर्न उपयुक्त देखिएको हो। उक्त कार्यक्रममा का.प्र. श्री ताहिर हुसेनले जडीबुटी खेती प्रक्रिया, बजार व्यवस्था तथा कार्यालयबाट प्राप्त हुने सुविधा सम्बन्धी विस्तृत प्रकाश पार्नुभएको थियो। ४४ जना सहभागी रहेको सो कोचिङ्गमा २९ महिला, १५ पुरुष, ८ दलित, १ मधेशी र ३४ जनजाति समावेश थिए।

यसैगरी कृषक समूह गठन र परिचालन अन्तर्गत कार्यालयको स्वीकृत कार्यक्रम अनुसार कृषक समूह गठन र परिचालन अन्तर्गत मिति २०७४/९/१ मा पुष्पवलपुरमा ४६ सदस्यीय समूह गठन गरियो। भाटीघारी जडीबुटी खेती समूह नाम रहेको सो समूहमा अध्यक्ष विर बहादुर मिजार र बाँकी ४५ जना सदस्य रहेका छन्। भाटीघारी सा.व. क्षेत्रमा यस आ.व.मा पनि जडीबुटी खेती विस्तार गर्ने कार्यालयसंग आवश्यक सामग्रीहरूको माग गर्ने साथै गत आ.व.मा संचालित कुरिलो रोपणमा गोडमेल तथा सरसफाइ कार्यमा कृषकहरू स्वयं लागी पर्ने जस्ता निर्णय सोही समूह गठनमा भए। ४५ जनाको समूहमा २८ महिला, १५ पुरुष, ८ दलित, १ मधेशी र ३४ जनजाति समावेश छन्।

## जिल्ला वनस्पति कार्यालय, मकवानपुर

वनस्पति विभागका महानिर्देशक श्री सन्जीव कुमार राईले मिति २०७४ माघ ४ गते जिल्ला वनस्पति कार्यालय मकवानपुर अन्तर्गत वृन्दावन वनस्पति उद्यान, हेटौंडाको स्थलगत निरीक्षण गर्नुभएको


वनस्पति विभागका महानिर्देशकज्यू वृन्दावनमा

थियो । उहाँले भ्रमणको क्रममा उद्यानमा संचालित कार्यक्रमहरूको अनुगमन निरीक्षण गरी चालू आर्थिक वर्षमा वृन्दावन, दामन र टिष्टुङ्ग वनस्पति उद्यानहरूमा सम्पादन गर्नुपर्ने गतिविधिहरूको बारेमा चासो राख्दै सहज तवरले कार्यक्रमहरू अघि बढाउन निर्देशन तथा सुझाव समेत दिनुभएको थियो । यसैगरी वनस्पति रसायन प्रयोगशाला र जडीबुटी सूचना केन्द्रको अवलोकन गरी अध्ययन अनुसन्धानका लागि उपयोगी हुने किसिमले स्तरोन्नति गर्न जोड दिनुपर्ने कुरा औंल्याउनुभएको थियो । त्यसैगरी वृन्दावन वनस्पति उद्यानलाई प्रदेश नं. ३ को नमुना वनस्पति उद्यान र तराई चुरे क्षेत्रको जिवित वंशाणु केन्द्रको (Tropical Botanical Centre) रुपमा विकास गर्दै लैजानुपर्नेमा जोड दिनुभएको थियो । अनुगमनको क्रममा वृन्दावन वनस्पति उद्यानमा चापको विरुवा समेत रोपण गर्नुभएको थियो ।

जिल्ला वनस्पति कार्यालय, मकवानपुरको चालु आ.व. २०७४/७५ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार वृहत जडीबुटी खेतीका लागि मकवानपुर गढी गाउँपालिकाको मक्रान्चुलीमा श्री चुच्चेखोला सामुदायिक वन क्षेत्र, बारा जिल्लाको सिमरा उप-महानगरपालिकाको पथलैयामा श्री गढीमाई साझेदारी वन क्षेत्रको हाईटेन्सन लाईन मुनी र मकवानपुर जिल्लाको मनहरी गाउँपालिकाको रमनटारमा जडीबुटी खेती समूह गठन गरिएको छ । मनहरीको गत वर्ष गठन भएको समूहलाई नै निन्तरता दिई सर्पगन्धाको खेती भइरहेको छ ।

वृन्दावन वनस्पति उद्यानको सुरक्षा अवस्थालाई मजबुत बनाई मनोरम र सौन्दर्यपरक बनाई पर्या-पर्यटनको विकास गर्न गत आ.व.मा २०० मीटर र यस वर्ष १४० मीटर पर्खाल लगाउने कार्य तथा बाँकी भागमा वरीपरी तारवार गर्ने कार्य अन्तिम चरणमा रहेको छ । टिष्टुङ्ग वनस्पति उद्यानमा २७० मीटर तारवार लगाउने कार्य सम्पन्न भएको छ ।



वृन्दावन वनस्पति उद्यानको चुरे वृक्षारोपण क्षेत्रलाई व्यवस्थित गर्नका लागि ४०/४० मीटरमा पूर्व पश्चिम तथा उत्तर दक्षिण बाटो बनाई प्लट निर्माण गरिएको छ । त्यसैगरी यहाँ रहेका ट्याक्सोनोमिकल वाटिका, हर्वल वाटिका, रक वाटिका, गुलाव वाटिका, इथनोबोटानिकल वाटिका, जर्मप्लाज्म संरक्षण स्थल, नर्सरीहरूको गोडमेल तथा स्याहार सम्भार भै जैविक विविधताको संरक्षणमा टेवा पुगेको छ । जसले गर्दा दिनानुदिन आन्तरिक पर्यटक तथा अध्ययन अवलोकनकर्ताहरूको संख्या वृद्धि हुँदै गएको छ ।

### इलाम

चालु आ.व. ०७४/७५ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम इलाम जिल्लाको सन्दकपुर गा.पा. तथा देउमाई न.पा.मा मिति २०७४/९/२२ र २३ गते क्रमश २० र १९ जनाको उपस्थितिमा १ दिने फिल्ड स्तिरीय कोचिङ्ग आयोजना गरी सो क्षेत्रमा पाइने जडीबुटीहरूको, पहिचान संकलन, भण्डारण, प्रयोग तथा खेती सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको थियो ।

## जिल्ला वनस्पति कार्यालय, बाँके

### महिलाहरूको लागि जडीबुटी सम्बन्धी सचेतना

जिल्ला वनस्पति कार्यालय बाँकेको आयोजनामा मिति २०७४/९/१६ गते वैजनाथ गाउँपालिका टिटिहिरिया-८ बाँकेमा २२ जना महिलाहरूको संलग्नतामा जडीबुटी सम्बन्धी जनचेतना गोष्ठी सम्पन्न गरियो । उक्त कार्यक्रममा तराई क्षेत्रमा पाइने कुरिलो, सर्पगन्धा, पिपला, कालमेघ, घ्युकुमारी, अमला, हर्रो, वर्रो, दमबुटी, पत्थरचुर, गुडमार, मेन्था, लेमनग्रास आदि जडीबुटीहरूको प्रयोग विधि तथा उपयोगिताबारे जानकारी प्रदान गरिएको थियो ।


समूहमा जडीबुटीजन्य वनस्पतिहरूको जानकारी प्रदान गरिँदै


सम्पादक मण्डल

सल्लाहकारहरू
सन्जीव कुमार राई
(महानिर्देशक)
ज्योती जोशी भट्ट
(उप-महानिर्देशक)

सम्पादन
तारादत्त भट्ट
रघुराम पराजुली
शिशिर पन्थी
प्रतिक्षा श्रेष्ठ



सम्पर्क
प्रचार प्रसार तथा डकुमेन्टेसन शाखा
फोन नं.: ०१ ४२६८२४६, ४२६१९६७
इमेल: info@dpr.gov.np, वेबसाइट: www.dpr.gov.np